बुढीगंगा गाउँपालिका, मोरङ

**स्थानीय राजपत्र**

खण्डः १० संख्याः५ मितिः २०८३ साल ०३ महिना १९ गते

भाग-२

**अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०८३**

## बुढीगंगा गाउँपालिका

नेपालको संविधान र प्रचलित कानून बमोजिम बुढीगंगा गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखीए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०३/०९

प्रमाणीकरण मितिः २०८३/०३/१८

**प्रस्तावनाः** बुढीगंगा गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण निर्देशिका २०७५ लाई संशोधन गर्न वाच्छनीय भएकाले बुढीगंगा गाउँकार्यपालिकाले देहायबमोजिम संशोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** यस निर्देशिकाको नाम "अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०८३" रहेको छ । यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **दफा ७(घ)१.संशोधन-** संयोजक —गाउँपालिका उपाध्यक्ष भन्ने शब्द राखिएको छ ।

३. **दफा ७(घ)७.संशोधन-** सदस्य-सचिव —महिला तथा बालबालिका शाखा भन्ने शब्द राखिएको छ।

४. **दफा ७(ङ).संशोधन-** समितिको बैठक आवश्यकता अनुसार उपाध्यक्ष/संयोजकले बोलाउन सक्नेछ तर यस्तो बैठक बर्षमा कम्तीमा छ पटक बस्नुपर्नेछ, बैठक खर्च प्रति एक बैठकको प्रति सदस्य रु १०००।- हुनेछ भन्ने राखिएका छन् ।

५. **दफा ७(झ) संशोधन-** दुर्गम गाउँमा रहेका अपाङ्गता भएकाहरुलाई वडाको समन्वयमा घुम्ती टोली खटाई वा प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति गराई यथा स्थानमै परिचय-पत्र वितरण गराउने ।यसरी यथा स्थानमै परिचय-पत्र वितरण गर्दा संयोजक ,प्रमुख प्रशासकीय अधिकृत ,महिला तथा बालबालिका शाखा ,स्वास्थ्य शाखा, ईलाका प्रहरी कार्यालय, चिकित्सक तथा सम्बन्धित वडाको समन्वयमा गर्नुपर्नेछ, भन्ने शब्दहरु राखिएका छन ।

६. **दफा ७(ञ) संशोधन-** परिचय-पत्र प्राप्त गर्न योग्य व्यक्तिहरुबाट प्रतिव्यक्ति एक प्रति अपाङ्गता स्पष्ट देखिने फोटो सङकलन गरी महिला तथा बालबालिका शाखामा राख्न पर्नेछ,भन्ने शब्दहरु राखिएका छन ।

७. **दफा ७(ट) संशोधन-** परिचय-पत्र प्राप्त व्यक्तिहरुको लागत अनुसुची ४ बमोजिमको ढाँचामा वा तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी महिला तथा बालबालिका शाखाले अभिलेख राख्नु पर्नेछ, भन्ने शब्दहरु राखिएका छन ।

८. **दफा ७(ठ) संशोधन-** महिला तथा बालबालिका शाखाले अनुसुची ३ बमोजिमको परिचय-पत्र निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ, भन्ने शब्दहरु राखिएका छन ।

९. **दफा ८ (ख) संशोधन-** परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक अन्य बिषयमा परिचय-पत्र सिफारिस समितिको निर्देशनको आधारमा महिला तथा बालबालिका शाखाले काम गर्नुपर्नेछ,भन्ने शब्दहरु राखिएका छन ।

आज्ञाले
प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

स्थाः बुढीगंगा गाउँपालिका २०७३